कर्णाली प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि विकास कार्यालय,मुगु**

प.सं. २०७७/०७८

मिति: २०७७/०९/१५

*सूचना !* *सूचना!!* *सूचना !!!*

# विभिन्न कार्यक्रमहरु संचालनका लागि प्रस्ताव आव्हानको सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०९/१५)

यस कृषि विकास कार्यालय मुगुको आ.व.२०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रमहरु अनुसार देहाय बमोजिमका कार्यक्रमहरुमा अनुदान रकम उपलब्ध गराउने प्रावधान रहेको हुदाँ यस मुगु जिल्लामा रहेका कृषि पेशासंग सम्बन्धित आधिकारिक कृषक, कृषक समूह, कृषि सहकारी, कृषि उधमी तथा निजी फर्म व्यवसायीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र यस कृषि विकास कार्यालय, मुगुमा तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्बन्धि थप जानकारीका लागि यस कार्यालयको टेलिफोन न ०८७-४६००८६ सम्पर्क तथा ***website:adomugu.gov.np*** मा हेर्न सकिने छ ।

देहाय,

| क स | कार्यक्रमको नाम | अधिकतम अनुदान सिमा | कुल बजेट | न्यूनतम मापदण्ड |
|---|---|---|---|---|
| १ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम (बाली विकास कार्यक्रम) छायाँनाथ रारा नगरपालिका | समुह तथा सहकारी-७०%<br>निजि फर्म तथा उधमी-५०% | ४ लाख | १. नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्राङ्गारिक कृषि प्रबर्द्धन मिशन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |

२०७७/०९/१५
कमल बहादुर सुनार
कार्यालय प्रमुख

प.सं. २०७७/०७८ मितिः २०७७/०९/१५

| | | | | |
|---|---|---|---|---|
| २ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम (कृषि शिक्षा अध्ययन गरेका, विदेशवाट फर्केका, अपाङ्ग,एकल महिला, दलित, द्वन्द्ध पिडीत र कोरोना प्रभावित युवा लक्षित स्वरोजगार) (कृषि विकास कार्यक्रम) | अधिकतम रु ५ लाख सम्म<br><br>(अनुदान दिंदा लक्षित समुहका लागि ७० प्रतिशत र अन्यको हकमा ५० प्रतिशत) | ५० लाख | १. कूल आयोजनाको न्यूनतम ५० प्रतिशत आयोजना लक्षित समुह (फरक क्षमता भएका, द्वन्द पीडित, एकल महिला, दलित महिला) र ५० प्रतिशत वेरोजगार युवा, प्राविधिक शिक्षा अध्ययन गरेका तथा विदेशबाट फर्किएका युवाका लागि ।<br>२. लक्षित वर्गको पहिचान खुल्नेगरी सम्बन्धित निकायबाट जारी भएको प्रमाणपत्र<br>३. वेरोजगार युवाको हकमा स्थानीय तहको सिफारिस<br>४. व्यावसायिक योजना<br>५. साना तथा मझौला कृषि व्यवसायको लागि प्रस्ताव गर्न अधिकतम रू १० लाख सम्मका प्रस्तावनाहरू पेश गर्न सकिने |
| ३ | महिला सहकारी मार्फत उत्पादन तथा उद्यम प्रबर्धन कार्यक्रम ( घुम्ती कोष)(कृषि विकास कार्यक्रम) | (प्रति सहकारी बढीमा रु १० लाख सम्म) | १० लाख | १. कार्यक्रमबाट उपलब्ध गराइएको कूल बिउ पूँजी तथा घुम्ती कोषमा सहकारी संस्थाको तर्फबाट पनि २० प्रतिशत रकम अनिवार्यरूपमा राख्नुपर्नेछ ।<br>२. अनुदान प्राप्त गर्ने सहकारी संस्थाले २० प्रतिशत आफ्नो लगानी हुने रकमको बढीमा बार्षिक ५ प्रतिशतका दरले शेयर सदस्य व्यवसायीहरूलाइ व्याज निर्धारण गर्नुपर्नेछ । ५ प्रतिशत व्याज मध्ये २ प्रतिशत व्याज विउ पूँजीका रूपमा जम्मा गरि विउ पूँजी तथा घुम्ती कोषमा जम्मा गर्नुपर्नेछ ।<br>३. सहकारी संस्थाहरूले लगानी गरेको रकम बढीमा २ बर्ष भित्र असुल उपर गरिनु पर्छ र साँवा ब्याज सहितको रकम चक्रियरूपमा संस्थाका शेयर सदस्यहरूलाइ पुनः अर्को व्यवसायीलाइ लगानी गर्नु पर्दछ । |

२०७८।०९।१५
कमल बहादुर सुनार
कार्यालय प्रमुख

कर्णाली प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय,मुगु

प.सं. २०७७/०७८

मितिः २०७७/०९/१५

तपशिल,

आवश्यक कागजातहरु

१. सस्था दर्ताको प्रमाण पत्रको प्रतिलिप ।
२. कृषि व्यवसाय गर्ने प्राविधिक मापदण्ड २०७७ मा रहेको अनुसूची-१ अनुसारको प्रस्तावना ।
३. स्थागी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
४. गत आ.व. को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि ।
५. निजी फर्मको हकमा गत आ.व.को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि ।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
७. प्रतिवद्दता पत्र ।
८. अन्य कुनै स्रोतबाट अनुदान नलिएको प्राविधिक मापदण्ड २०७७ मा रहेको अनुसूची-४ अनुसारको स्वघोषणा पत्र ।
९. सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।
१०.समूह सहकारीको हकमा कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि ।

..........................
कमल बहादुर सुनार
कार्यालय प्रमुख

"सक्षम निजामति प्रशासन, विकास, समृद्धि र सुशासन"
टेलिफोन नं : ०८७-४६००८६
ईमेल:- akcmugu@gmail.com